नेपाल सरकार

अर्थ मन्त्रालय

## भन्सार विभाग

## महाकाली भन्सार कार्यालय, झुलाघाट, बैतडी

### सवारी/ढुवानी साधन लिलाम बिक्री सम्बन्धी सूचना

पहिलो पटक सूचना प्रकाशित मितिः- २०८२-१२-१५ गते

चोरी पैठारी अभियोगमा यस कार्यालयमा दाखिला भई जफत भएका निम्नानुसारका सवारी तथा ढुवानी साधनहरु जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बढाबढमा बिक्री गरिने भएकाले इच्छुक व्यक्ति, फर्म, कम्पनि वा संस्थाहरुलाई सहभागिताका लागी यो सूचना प्रकाशित भएको मितिले २१(एक्काईस) दिन भित्र निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको छ । बोलपत्र फाराम यस भन्सार कार्यालयको मुद्दा शाखाबाट खरिद गर्न सकिनेछ । साथै आफुले कबोल गरेको रकमको १०% दश प्रतिशत ले हुने धरौटी रकम यस कार्यालयको नाममा श्री राष्ट्रिय बाणिज्य बैङ्क, बैतडी शाखामा रहेको कोष तथा लेखा नियन्त्रक कार्यालय बैतडीको एकल कोष **धरौटी खाता नं. ४०५०१००१०२०३००००** मा यस कार्यालयको **कोड नं. ३०५०३७४०१** बाट जम्मा गरी सोको दोस्रोप्रति सक्कल बैङ्क भौचर बोलपत्रसाथ पेश गर्नुपर्नेछ । यो सूचना भन्सार विभागको वेवसाईट www.customs.gov.np मा पनि हेर्न सकिनेछ । लिलाम बिक्री सम्बन्धि थप कुरा बुझ्नुपर्ने भएमा कार्यालय समय भित्र मुद्दा शाखामा सम्पर्क राखी बुझ्न सकिनेछ ।

तपसिलः

| सि.नं. | मुद्दा नं./दर्ता मिति | सवारी साधन नं. | कम्पनि/मोडल | रंग/ सिलन्डर | चेसिस नं. | ईन्जिन नं. | क्षमता (सि.सि) | उत्पादन बर्ष | न्यूनतम मूल्य |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | २२/२०८२-०२-१६ | सु.प.प्र.०१-००१ज १७१३ | महिन्द्रा बोलेरो पिकअप | सेतो/४ | MA1RU4GHKJ3L99505 | GHJ4L68679 | 2523 | 2018 | 1050000 |
| २. | १५/२०८१-०९-१८ | से१ज ८४४ | महिन्द्रा बोलेरो पिकअप | सेतो/४ | MA1RU4GHKG3F96180 | GHG4E55685 | 2523 | 2016 | 950000 |
| ३. | १०/२०८०-११-२२ | से१ज ७१८ | महिन्द्रा बोलेरो पिकअप | सेतो/४ | MA1RU4GHKF3H34125 | GHF4H63575 | 2523 | 2015 | 800000 |
| ४. | ०२/२०८१-०५-२१ | सु.प.प्र.०१-००८ प १३७४ | Hero splendor plus/motorcycle | कालो | MBLHAW224PGG13079 | HA11E8PGG15181 | 97.2 | 2023 | 90000 |



२०८२।१२।१५

कार्यालय प्रमुख

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५. | ०३/२०८१-०५-०२ | प्रदेश ३-०२-००९ प ०६०७ | AROMA-Z motor cycle | रातो | L2BB17010NMS00765 | 167FML8N500210 | 190 | 2022 | 120000 |
| ६. | ०१/२०८२-०७-२८ | से ६ प ५४२ | APACHE- RTR Motorcycle | सेतो र कालो | MD634KE49H2F40855 | 0E4FH2143435 | 160 | 2017 | 60000 |

| | | | | |
|---|---|---|---|---|
| ७. | १६/२०८१-०९-१८ | से१ज २४१ | **पत्रु (Scrap)- दर्ता नहुने र प्रयोगमा ल्याउन नसकिने पत्रुमा विक्री हुने महिन्द्रा बोलेरो पिकअप -१ थान ।** | **100000** |

**शर्तहरु:-**

१) प्रत्येक सि.नं.का लागी छुट्टै बोलपत्र फारम सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र कार्यालय समयमा दुई पाङ्ग्रे सवारी साधनको हकमा रु. १,०००/-(रु. एक हजार) र चार पाङ्ग्रे सवारी साधनको हकमा रु.३०००/-(रु. तीन हजार) बोलपत्र फाराम दस्तुर (फिर्ता नहुने गरी) राष्ट्रिय वाणिज्य बैक शाखा कार्यालय, बैतडीमा यस भन्सार कार्यालयको कोड नं. ३०५०३७४०१ मा राजस्व शीर्षक १४२२९ अन्य प्रशासनिक सेवा शुल्कमा दाखिला गरी खरिद गर्न सकिनेछ।

२) बोलपत्र फारम खरिद गर्न आँउदा आफुले लिन चाहेको दर्ता हुने सवारी तथा ढुवानी साधनको सि.नं. र मुद्दा नं. उल्लेख गरी रु.१०।-को टिकट टाँस गरी फर्म/कम्पनी/ संस्थाहरुको हकमा आ.व.२०८२।८३ को करचुक्ता प्रमाणपत्र, मू.अ.कर वा स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि सहितको निवेदन बोलपत्रसाथै पेश गर्नुपर्नेछ।

३) बोलपत्र २२ औं दिन दिनको १२:०० बजेसम्म दर्ता गरिसक्नु पर्नेछ । सो दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनमा सोही समय भित्र दर्ता गराईसक्नु पर्नेछ । बोलपत्र दर्ता गर्दा शिलबन्दी खाम बाहिर बोलपत्रको सि.नं. मुद्दा नं. र मिति तथा बोलपत्रदाताको नाम र ठेगाना स्पष्ट रुपमा लेखुपर्नेछ । २२ औं दिन दिनको १२:०० बजेसम्म दर्ता हुन आएका बोलपत्रहरु सोही दिन दिनको १४:०० बजे बोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। बोलपत्रदाताहरु वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।

४) बोलपत्रमा बोलपत्रदाता व्यक्ति, फर्म, कम्पनि वा संस्थाले व्यक्तिको हकमा नेपाली नागरिकता र अन्यको हकमा व्यवसाय दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, आ.व.२०८२।८३ को करचुक्ता प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी पूरा नामथर र ठेगाना लेखी फर्मको आधिकारिक सहिछाप गरि निवेदन पेश गरेको हुनुपर्नेछ।

५) बोलपत्रमा बोलपत्रदाताले आफुले कबोल गरेको रकम अंक र अक्षर दुबैमा स्पष्टसंग उल्लेख गर्नु पर्नेछ । सच्याईएको वा केरमेट गरेको स्थानमा बोलपत्रदाताको दस्तखत हुनुपर्नेछ । साथै अंक र अक्षरमा रकम फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।कुनै पनि शर्त राखी पेश भएको बोलपत्र मान्य हुने छैन।

६) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

२०८२।१२।१५

कार्यालय प्रमुख

७) बोलपत्र स्वीकृत भएको जानकारी यस कार्यालयको सूचना पाटी र भन्सार विभागको वेवसाईटमा समेत प्रकाशित गरी जानकारी गराईनेछ । बोलपत्र स्वीकृत भएको मितिले सात दिन भित्र आफूले कबोल गरेको सवारी तथा ढुवानी साधनको मूल्य र सोमा लाग्ने मु.अ.कर समेत बुझाई कबोल गरेका मालबस्तुहरु उठाई लैजानु गर्नेछ। कबोल अंक स्वीकृत भएको मितिले सात दिन भित्र उठाई नलगेमा दाखिला गरेको धरौटी रकम जफत हुनेछ ।

८) कबोल गर्नेले ७ दिनभित्र आफूले कबोल गरेको रकम र सोमा लाग्ने कर समेत बुझाई मालबस्तु उठाई नलगेमा न्यूनतम मूल्यभन्दा बढी कबोल गर्ने क्रमशः दोस्रो, तेस्रो र चौथो घटीवालाको कबोल अङ्क स्वीकृत गरिनेछ।

९) लिलामबाट सकार गरेको सवारी तथा ढुवानी साधनहरु दर्ताका बखत प्रचलित ऐन-नियमानुसार लाग्ने कर दस्तुर तिरी दर्ता गराउने जिम्मा निज लिलाम सकारकर्ताकै हुनेछ ।

१०) ईच्छुक व्यक्तिले सवारी साधनहरु हेर्न चाहेमा यस कार्यालयमा आई कार्यालय समयभित्र हेर्न बुझ्न सकिनेछ ।

११) दर्ता नहुने गरी पत्रुमा लिलाम बिक्री गरिने सवारी तथा ढुवानी साधनहरुको हकमा उक्त सवारी तथा ढुवानी साधनहरु लिलाम सकार गर्ने सकारकर्ताले यस कार्यालयको परिसर भित्रै यस कार्यालयका कर्मचारीको रोहवरमा आफ्नै खर्चमा त्यस्ता सवारी तथा ढुवानी साधनहरु सवारी तथा ढुवानी साधनको रुपमा पुनः प्रयोगमा ल्याउन नमिल्ने गरी टुक्रापारि पत्रु बनाई मात्र लैजानु पर्नेछ ।पत्रु मालवस्तु लिलाम स्वीकार गर्नका लागि बोलपत्रदाता अनिवार्य मु.अ.करमा दर्ता भएको हुनुपर्नेछ ।

१२) प्रत्येक सि.नं.को छुट्टाछुट्टै बोलपत्र खरिद गरि सोही बमोजिम बोलपत्र फाराम पेश गर्दा शिलबन्दी खामको बाहिर बोलपत्र सूचनाको सि.नं. र मुद्दा नं. अनिवार्यरुपमा उल्लेख गरि छुट्टाछुट्टै पेश गरि दर्ता गराउनुका साथै प्रत्येक सवारी साधनको धरौटी बापतको छुट्टाछुट्टै बैङ्क भौचर सक्कलै प्रति फारामसाथ संलग्न गर्नुपर्नेछ। बैङ्क भौचरको प्रतिलिपिलाई मान्यता दिईने छैन । कबोल अंकको न्युनतम १० प्रतिशत धरौटी रकम अनिवार्य हुनुपर्नेछ । सो नभएमा बोलपत्र मान्य हुने छैन ।

१३) यसमा उल्लेख भए बाहेक अन्य कुराहरु प्रचलित ऐन-नियम बमोजिम हुनेछ ।

नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग
महाकाली भन्सार कार्यालय
झुलाघाट, बैतडी

२०८१।१२।१५

कार्यालय प्रमुख